# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

**मालसामान तथा निमार्ण कार्य खरिद सम्बन्धी विद्युतीय बोलपत्र/दरभाउपत्र आव्हानको सूचना ।**
**(सुचना प्रकाशित मिति : प्रथम पटक २०७९।११।१२)**

यस कार्यालयको चालु आ.व.०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु विद्युतीय बोलपत्र/दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय बोलपत्र/दरभाउपत्र पेश गर्न योग्य तथा ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.०७८।०७९ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र/दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र/दरभाउपत्रदाताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट बोलपत्र/दरभाउपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।
२. बोलपत्र/दरभाउपत्र सम्बन्धि कागजात बापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर स्क्यान प्रति( pdf format) e-GP पोर्टलमा अपलोड गरी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात बापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :**

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा बैक खाता नं.: २०७०१००३०१०१०००३

३. बोलपत्र/दरभाउपत्रदाताहरुले बोलपत्र/दरभाउपत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत तपसिलको मिति, समय भित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त बोलपत्र/दरभाउपत्र स्वीकार हुने छैन ।
४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय बोलपत्र/दरभाउपत्र बोलपत्र/दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।
५. बोलपत्र/दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा दरभाउपत्रको हकमा कम्तिमा पनि ७५ दिन र बोलपत्रको हकमा कम्तिमा १२० दिन बढी हुनु पर्नेछ ।
६. बोलपत्र/दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अँनुसारनै दरभाउपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र/दरभाउपत्र र बोलपत्र/दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिने छ ।
७. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।
९. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्बन्धी जानकारी लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/र Bid Docupment मा उपलब्धछ ।

**तपसिल**

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | बोलपत्र/दरभाउ फारम दस्तुर | जमानत रकम | बोलपत्र/दरभाउ पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Goods/15/079/80 | बैकल्पिक उर्जा व्यवस्थापन | १४,९९,७३६/०० | १,०००/- | ३८,०००/- | २०७९/११/२८ |
| Works/16/079/80 | आम्जानी मिलनचोक ओखरबोट निशैखे तलुवा सडक स्तरोन्नती | ४८,१५,२०१/३६ | ३,०००/- | १,२०,०००/- | २०७९/१२/१२ |
| Works/17/079/80 | मिलनचोक खाद्यगोदाम हुलाकडाँडा कृष्ण मन्दिर साल्मेखोरिया रमाईलोडाडा सडक स्तरोन्नती | ३०,९१,६२८/४८ | ३,०००/- | ७८,०००/- | २०७९/१२/१२ |
| Works/18/079/80 | वडा कार्यालय भवन निर्माण वडा नं. ५,७ र ११ | १,३४,२०,०१९/८६ | ३,०००/- | ३,३८,०००/- | २०७९/१२/१२ |

नि.प्रमुख प्रशासकीय अधिकृत